अनुसूची-२

दफा ४ तथा अनूची-१ को भाग-२ संग सम्बन्धित

# बर्दिवास नगरपालिका

# स्थानीय राजपत्र

खण्ड: ८ संख्या:२१ कार्यपालिका स्वीकृत मिति:२०८२/०९/२९

प्रमाणिकरण मिति :२०८२/१०/०४

## भाग-२

## बर्दिवास नगरपालिका

## सामुदायिक अध्ययन केन्द्र परिचालिका नियुक्ति सम्बन्धी कार्यविधि,२०८२

१. प्रस्तावना

स्थानीय तहभित्र सञ्चालन हुने सामुदायिक अध्ययन केन्द्र (Community Learning Center-CLC) लाई प्रभावकारी, उत्तरदायी र गुणस्तरीय रूपमा सञ्चालन गर्न सक्षम तथा योग्य परिचालिकाको आवश्यकता पर्दछ। यस उद्देश्यका लागि सामुदायिक अध्ययन केन्द्र परिचालिका नियुक्ति सम्बन्धी स्पष्ट, पारदर्शी र न्यायोचित प्रक्रिया तय गर्न यो कार्यविधि तयार गरिएको हो।

**२. कानुनी आधार:** (क) नेपालको संविधान, २०७२ (ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (ग) शिक्षा ऐन तथा नियमावली (संशोधित सहित) (घ) अनौपचारिक तथा आजीवन शिक्षा सम्बन्धी राष्ट्रिय नीति (ङ) स्थानीय तहको शिक्षा सम्बन्धी नीति तथा निर्णय (च) सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्वस्थापन सम्बन्धि मापदण्ड,
२०७८

**३. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम **"सामुदायिक अध्ययन केन्द्र परिचालिका नियुक्ति सम्बन्धी कार्यविधि,२०८२" रहनेछ।**

(२) यो कार्यविधि नगर कार्यपालिकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**४. परिभाषा:** यस कार्यविधिमा,

(क) "स्थानीय तह" भन्नाले बर्दिबास नगरपालिकालाई बुझाउँछ।

(ख) "केन्द्र" भन्नाले सामुदायिक अध्ययन केन्द्रलाई बुझाउँछ।

(ग) "परिचालिका" भन्नाले केन्द्र सञ्चालन, व्यवस्थापन तथा कार्यक्रम कार्यान्वयन गर्ने कर्मचारीलाई बुझाउँछ।

(घ) "छनोट समिति" भन्नाले परिचालिका छनोटका लागि गठन गरिएको समितिलाई बुझाउँछ।

**५. परिचालिकाको आवश्यकता र पद संख्या:**

(१) प्रत्येक सामुदायिक अध्ययन केन्द्रमा आवश्यकता अनुसार एक जना परिचालिका नियुक्त गरिनेछ।

(२) केन्द्रको कार्यभार, सेवाग्राही संख्या र कार्यक्रमको प्रकृति अनुसार पद संख्या पुनरावलोकन गर्न सकिनेछ।

**६. योग्यता:** परिचालिका बन्नका लागि देहायका न्यूनतम योग्यता पूरा गरेको हुनुपर्नेछः

(क) कम्तीमा कक्षा १२ उत्तीर्ण गरेको,

(ख) १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको,

(ग) स्थानीय तहभित्र स्थायी बसोबास गरेको,

(घ) अनौपचारिक शिक्षा, सामुदायिक विकास, महिला सशक्तीकरण वा सामाजिक क्षेत्रमा अनुभव भएको महिलालाई प्राथमिकता,

(ङ) कम्प्युटर तथा अभिलेख व्यवस्थापनको आधारभूत ज्ञान भएको,

**७. छनोट समिति:** परिचालिका छनोटका लागि देहाय बमोजिमको समिति रहनेछः -

- केन्द्र व्यवस्थापन समितिको अध्यक्ष - संयोजक
- शिक्षा शाखा प्रमुख वा अधिकृत प्रतिनिधि - सदस्य
- करार शिक्षक छनौटका लागि सूचिकृत विज्ञहरुमध्येबाट एकजना - विज्ञ सदस्य
- सम्बन्धित वडाध्यक्ष वा प्रतिनिधि - सदस्य
- केन्द्र व्यवस्थापन समितिको प्रतिनिधि - सदस्य सचिव

**८. नियुक्ति प्रक्रिया:**

(१) रिक्त पदको सूचना स्थानीय तहको सूचना पाटी, वेबसाइट तथा सम्बन्धित वडामा प्रकाशन गरिनेछ।

(२) इच्छुक उम्मेदवारले तोकिएको म्यादभित्र आवेदन पेश गर्नुपर्नेछ।

(३) छनोट प्रक्रिया देहाय बमोजिम हुनेछः -

(क) शैक्षिक योग्यता मूल्याङ्कन

(ख) अनुभव मूल्याङ्कन

(ग) लिखित र मौखिक अन्तर्वार्ता

(४) छनोट समितिको सिफारिसका आधारमा स्थानीय तहबाट नियुक्ति गरिनेछ।

(५) परिचालिका नियुक्ति प्रक्रियामा प्रयोग गरिने मूल्याङ्कन/परीक्षा निम्नानुसार १०० पूर्णाङ्कको पाठ्यक्रममा आधारित हुनेछः

१. अनौपचारिक तथा आजीवन शिक्षा (२० पूर्णाङ्क)

- अनौपचारिक शिक्षाको अवधारणा, उद्देश्य र महत्व (५)
- सामुदायिक अध्ययन केन्द्र (CLC) को भूमिका र कार्यक्षेत्र (५)
- आजीवन सिकाइ (Lifelong Learning) को अवधारणा (५)
- नेपालमा अनौपचारिक शिक्षाका कार्यक्रमहरू (५)

२. सामुदायिक विकास र सामाजिक समावेशीकरण (२० पूर्णाङ्क)

- सामुदायिक विकासको आधारभूत अवधारणा (५)
- महिला सशक्तीकरण र लैङ्गिक समानता (५)
- दलित, जनजाति, अंपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदाय (५)
- सामाजिक न्याय, समानता र समावेशी अभ्यास (५)

३. शैक्षिक तथा केन्द्र व्यवस्थापन (२० पूर्णाङ्क)

- केन्द्र सञ्चालन र व्यवस्थापन प्रक्रिया (५)
- केन्द्र व्यवस्थापन समितिको भूमिका (५)
- कार्यक्रम योजना, कार्यान्वयन र अनुगमन (५)
- अभिलेख व्यवस्थापन र प्रतिवेदन लेखन (५)

४. स्थानीय शासन, नीति र कानुनी व्यवस्था (१० पूर्णाङ्क)

- नेपालको संविधान २०७२ (शिक्षासम्बन्धी व्यवस्था) (५)
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (शिक्षासम्बन्धी व्यवस्था) (५)

५. आधारभूत सूचना प्रविधि र संचार सीप (२० पूर्णाङ्क)

- कम्प्युटरको आधारभूत ज्ञान (१०)
- MS Word, Excel, अभिलेख तथा प्रतिवेदन (५)
- इमेल, अनलाइन फाराम र डिजिटल संचार (५)

६. नेतृत्व, व्यवहार र नैतिकता (१० पूर्णाङ्क)

- नेतृत्व र सहकार्य सीप (५)
- पेशागत आचारसंहिता र नैतिक व्यवहार (५)

७. मूल्याङ्कन विधि

लिखित परीक्षा : ६० पूर्णाङ्क (वस्तुगत २० पूर्णाङ्क र विषयगत ४० पूर्णाङ्क)

मौखिक अन्तर्वार्ताः ३० पूर्णाङ्क

अनुभव तथा अतिरिक्त योग्यताः १० पूर्णाङ्क

(८) लिखित परीक्षामा ४० प्रतिशत अंक प्राप्त गरेका उम्मेद्वारलाई मात्र अन्तरबार्तामा सहभागी गराइने छ।

**९. सेवा अवधि र पारिश्रमिकः**
(१) परिचालिकाको सेवा अवधि एक वर्षको हुनेछ।
(२) कार्यसम्पादन सन्तोषजनक भएमा नवीकरण गर्न सकिनेछ।
(३), पारिश्रमिक स्थानीय तहले तोके बमोजिम हुनेछ।

**१०. अधिकार र कर्तव्यः** परिचालिकाको प्रमुख अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन्ः
(क) केन्द्रका शैक्षिक तथा सीपमूलक कार्यक्रम सञ्चालन गर्नु
(ख) अभिलेख तथा प्रतिवेदन तयार गरी पेश गर्नु
(ग) समुदायसँग समन्वय र सहकार्य गर्नु
(घ) केन्द्र व्यवस्थापन समितिको निर्णय कार्यान्वयन गर्नु

**११. अनुगमन र मूल्याङ्कनः** (१) बर्दिबास नगरपालिकाले परिचालिकाको कार्यसम्पादनको नियमित अनुगमन गर्नेछ।
(२) वार्षिक मूल्याङ्कनका आधारमा सेवा नवीकरण वा खारेजी गर्न सकिनेछ।

**१२. आचारसंहिताः** सामुदायिक अध्ययन केन्द्रको परिचालिकाले देहाय बमोजिमका आचारसंहिता अनिवार्य रूपमा पालना गर्नुपर्नेछः
१२.१ पेशागत आचरण
(क) केन्द्रको उद्देश्य, नीति र कार्यक्रमअनुसार निष्पक्ष, इमानदार र जिम्मेवार ढंगले कार्य गर्ने।
(ख) आफ्नो पद र जिम्मेवारीको दुरुपयोग नगर्ने।
(ग) राजनीतिक दल, जाति, धर्म, लिङ्ग, भाषा वा विचारका आधारमा कुनै किसिमको विभेद नगर्ने।

१२.२ सेवाग्राहीसँगको व्यवहार
(क) सिक्ने समूह, महिला, दलित, अपाङ्गता भएका व्यक्ति, पिछडिएका तथा सीमान्तकृत समुदायप्रति सम्मानजनक र सहयोगी व्यवहार गर्ने।
(ख) सेवाग्राहीको व्यक्तिगत विवरण, गोपनीयता र मर्यादा सुरक्षित राख्ने।

१२.३ आर्थिक अनुशासन
(क) केन्द्रको आम्दानी तथा खर्च पारदर्शी रूपमा अभिलेख राख्ने।
(ख) स्वीकृत बजेट र निर्णयबाहेक आर्थिक कारोबार नगर्ने।
(ग) अनियमितता, भ्रष्टाचार वा आर्थिक दुरुपयोगमा संलग्न नहुने।

१२.४ प्रशासनिक अनुशासन
(क) समयमै कार्यालय उपस्थित भई जिम्मेवारी पूरा गर्ने।
(ख) अभिलेख, प्रतिवेदन र कागजात व्यवस्थित रूपमा राख्ने।

(ग) केन्द्र व्यवस्थापन समिति तथा स्थानीय तहको निर्देशन पालना गर्ने।

१२.५ नैतिक आचरण

(क) कार्यस्थलमा मर्यादित भाषा र व्यवहार प्रयोग गर्ने।

(ख) यौन दुर्व्यवहार, हिंसा, डरधम्की वा अमर्यादित गतिविधिमा संलग्न नहुने।

(ग) मदिरा, लागूऔषध वा अन्य निषेधित पदार्थको प्रयोग नगर्ने।

१२.६ सामाजिक उत्तरदायित्व

(क) समुदायसँग सकारात्मक सम्बन्ध विकास गर्ने।

(ख) सामुदायिक अध्ययन केन्द्रको छवि र विश्वास उच्च राख्ने गरी आचरण देखाउने।

१२.७ आचारसंहिता उल्लङ्घनको कारबाही

(क) आचारसंहिता उल्लङ्घन भएमा स्थानीय तहले छानबिन गर्न सक्नेछ।

(ख) कसुरको गम्भीरताअनुसार चेतावनी, सेवा नवीकरण रोक्का वा सेवा समाप्ति गर्न सकिनेछ।

**१३. विविध:** (१) यस कार्यविधिमा उल्लेख नभएका विषय बर्दिबास नगरपालिकाको निर्णय तथा प्रचलित कानून बमोजिम हुनेछ।

(२) कार्यविधि संशोधन गर्ने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ।

आज्ञाले,

राममणि अधिकारी

प्रमुख प्रशासकीय अधिकृत